# तिव्र गतिले चेला बनाउने (RAD)

## स्वस्थ मण्डली स्थापना गर्ने खुड्किलाहरू

अन्तिम संसोधनः जून २०१६

यो पृष्ठ जानेर खाली छोडिएको हो।

तिव्र गतिले चेला बनाउने (RAD)
by WSG
Copyright © 2006-2016
Nepali Language Version

# विषय सूचि

स्वस्थ मण्डली स्थापना गर्ने खुड्किलाहरू........................................................४
स्वस्थ मण्डली स्थापना गर्ने खुड्किलाहरूको चित्र..........................................................५
स्वस्थ मण्डली भनेको के हो ?........................................................................६
स्वस्थ मण्डलीको जाँच.................................................................................७
सु-समाचार कसरी सुनाउने?(२-३-४)....................................................................८
पहिलो खुड्किलो पाठ १ - तपाईंको मुक्तिको बारेमा निश्चित हुनुहोस्.......................................९
पहिलो खुड्किलो पाठ २ - बप्तिस्मा लिनु...............................................................१०
पहिलो खुड्किला पाठ ३ - जानुहोस् र भन्नुहोस्.........................................................११
मण्डलीमा पहिलो भेला - विश्वास र आज्ञाकारिता (अधिकार)................................................१२
मण्डलीमा दोस्रो भेला - नयाँ जीवन जिउनुहोस् (आधार)..................................................१३
मण्डलीमा तेस्रो भेला - ज्योतिमा हिंड्नुहोस् (असल जीवन)................................................१४
मण्डलीमा चौथो भेला - एक अर्कालाई प्रेम गर (ठीक सम्बन्ध)................................................१५
मण्डलीमा पाँचौ भेला - परमेश्वरमा बलियो होऊ (ठीक प्रतिरोध)..........................................१६
मण्डलीमा छैटौं भेला- उदारचितले दिनुहोस् (मण्डली).......................................................१७
मण्डलीमा सातौं भेला- प्रभुभोज लिनुहोस् (मण्डली).........................................................१८
चेलापन निर्देशिकाको अर्को खुड्किला..................................................................१९
अर्को चरणको चेलापनको निम्ति धर्मशास्त्रका खण्डहरु......................................................२०
अर्को चरणको चेलापनको निम्ति धर्मशास्त्रका खण्डहरु-क्रमश:...............................................२१
परिषिश्ट क - अतिरिक्त बप्तिस्मा पाठ १...............................................................२२
परिशिष्ट क - अतिरिक्त बप्तिस्मा पाठ २...............................................................२३

# स्वस्थ मण्डली स्थापना गर्ने खुड्किलाहरू

१. खेतालाहरूको निम्ति प्रार्थना गर्नुहोस् (शान्तिको मानिस नै पहिलो खेताला हुन्) येशू खीष्टले तपाईंलाई पठाउनु हुने सहर र गाउँमा जानुहोस् । (लूका १०:१-३)

२. परमेश्वरमा भर पर्नुहोस् र बाटोमा व्यर्थै समय खेर नफाल्नुहोस् ।

३. विश्वास गर्नुहोस कि तपाईंलाई भेट्नको निम्ति परमेश्वरले शान्तिको मानिस राखि दिनुभएको छ। ( प्रेरित १७:२६-२७)

४. शान्तिको मानिस पत्ता लगाउनुहोस्, उसको घरभित्र प्रवेश गर्नुहोस् र तिनीहरूले दिएका कुरा खानुहोस् र पिउनुहोस् (शान्तिको मानिसको घरमा बस्नुहोस् तर घर-घर नडुल्नुहोस् । (लूका १०:५-८
**नोट** : तपाईंले के गर्दै हुनुहुन्छ भनेर जब कसैले प्रश्न गर्नेछ तब भन्नुहोस् "म येशू खीष्टलाई पछ्याउने व्यक्ति हुँ र यस गाउँमा भएका मानिसलाई परमेश्वरको आशिष् दिन म यहाँ छु ।"

५. आवश्यकतालाई थाहा गर्नुहोस् र सु-समाचार सुनाउनुहोस्। (लूका १०:९०)
(**पेज ८ मा** भएको **२-३-४** पद्धतिलाई प्रयोग गरी सु-समाचार बाँड्नुहोस्)

६. कुनै व्यक्तिले येशू खीष्टलाई पछ्याउन थालेपछि, त्यो घरमा मण्डली शुरु गर्नुहोस् र जत्ति चाँडो सकिन्छ येशूको यी ३ वटा पाठहरूको शिक्षा दिनुहोस्।
   क) तपाईंको मुक्तिको विषयमा निश्चित हुनुहोस् । **(पृष्ठ ९)**
   ख) बप्तिस्मा लिनुहोस् । **(पृष्ठ १०)**
   ग) जानुहोस र अरुलाई पनि बताउनुहोस् **(पृष्ठ ११)**- स्थानीय विश्वासीहरू नै यहाँका खेतालाहरू हुन् ।

७. बप्तिस्मा लिएका व्यक्तिहरूलाई प्रभुभोजको विषयमा सिकाउनुहोस् र सो काम उनीहरूमाफ गर्नुहोस् ।

८. कम्तिमा हप्तामा एकपटक भेट्नुहोस् र सो मण्डलीमा भएका नयाँ विश्वासीलाई स्वस्थ चेलापनमा हुर्काउनुहोस् ।
   **(पावलका यी पद्धतिलाई प्रयोग गर्नुहोस्)**
   क) मण्डलीको पहिलो भेटघाटमा शिक्षा दिनुहोस्। **(पेज १२)**
   ख) मण्डलीको दोस्रो भेटघाटमा शिक्षा दिनुहोस् । **(पेज १३)**
   ग) मण्डलीको तेस्रो भेटघाटमा शिक्षा दिनुहोस् । **(पेज १४)**
   घ) मण्डलीको चौथो भेटघाटमा शिक्षा दिनुहोस् । **(पेज १५)**
   ङ) मण्डलीको पाँचौ भेटघाटमा शिक्षा दिनुहोस् । **(पेज १६)**
   च) मण्डलीको छैंठौं भेटघाटमा शिक्षा दिनुहोस् । **(पेज १७)**
   छ) मण्डलीको सातौं भेटघाटमा शिक्षा दिनुहोस् । **(पेज १८)**

९. मण्डलीमा चेलापनको अर्को खुड्किला सुरुवात गर्नुहोस् र संगसंगै सेवक-अगुवा नियुक्त गर्नुहोस् । **(पृष्ठ १९-२१)**

१०. आज्ञाकारी विश्वासीहरू पत्ता लगाउनुहोस् र यी सबै प्रकृयाहरू सिकाउनुहोस् ।

नोटहरू :

- जब मण्डली वृद्धि हुन्छ, यस कुरामा निश्चित हुनुपर्छ कि कसैले सबै नयाँ विश्वासीहरूलाई पावलका तीनवटा खुड्किला र ७ वटा पाठहरूको शिक्षा दिनुपर्छ ।
- एकै समयमा ६ वटा भन्दा बढी मण्डली स्थापना नगर्नुहोस् । उनीहरू स्वस्थ नहुन्जेल कम्तिमा हप्तामा एकचोटि तिनीहरुलाई भेटघाट गर्ने र चेलापनमा हुर्काउन तपाईं सक्षम हुनुपर्दछ । यदि तपाईंले ६ वटा मण्डली स्थापना गर्नुभएको छ भने, यसको अर्थ तपाईं ६ दिनसम्म काम गर्नु र एक दिन सवाथ वा आराम गर्नु हो । एउटा मण्डली स्वस्थ भयो वा हुर्कियो भने, नयाँ स्थानमा जानुहोस् र नयाँ मण्डली स्थापना गर्नुहोस् ।

# स्वस्थ मण्डली स्थापना गर्ने खुड्किलाहरूको चित्र

यस चित्रले तपाईंलाई स्वस्थ मण्डली स्थापना गर्ने खुड्किलाहरू स्मरण गराउन मद्दत गर्छ । तपाईंले पनि अरूलाई शिक्षा दिँदा यो चित्र बनाउन सक्नुहुन्छ ताकि तिनीहरूले यस पद्धतिलाई सिक्न र स्मरण पनि गर्न सकून् ।



# स्वस्थ मण्डली भनेको के हो ?

एउटा स्वस्थ मण्डलीको ...

१. एउटै मात्र उद्देश्य हुन्छ ।
   क) सत्य परमेश्वर र उहाँको महिमा लाई प्रकट गराउनु-**(हिब्रु २:१४)**


२. अधिकारको दुईवटा श्रोतहरु हुन्छ ।
   क) प्रभु येशू ख्रीष्ट (परमेश्वर) - **(कलस्सी १:१८-१९)**
   ख) परमेश्वरको वचन (बाइबल) - **(२ तिमोथी ३:१६-१७)**

३. तीन प्रकारको अगुवाहरु हुन्छन्
   क) एल्डर/पाष्टर/गोठालो - **(१ तिमोथी ३:१-७)**
   ख) सेवक अगुवा/डिकनहरू - **(प्रेरित ६, १ तिमोथी ३:८-१३)**
   ग) कोषाध्यक्ष (कोषसेवक) - भरोसायोग्य सेवक अगुवाहरु जसले दिइएको कुरालाई चलाउँछ ।

४. स्वस्थताको ४ वटा चिन्हहरु हुन्छन्, एउटा स्वस्थ मण्डली ...
   क) आर्थिक रुपमा स्वावलम्बी हुन्छ
   ख) आफ्नै सेवकहरू हुन्छन् र संचालन गर्ने अधिकार दिइएको हुन्छ ।
   ग) अरु मण्डलीलाई पनि गुणात्मक रुपमा स्वस्थ बनाउँदै अघि बढ्छ ।
   घ) परमेश्वरको वचन प्रयोग गरी आफूलाई सुधार गर्छ ।

५. परमेश्वर र उहाँको महिमा प्रकट गर्नलाई उहाँद्वारा प्रदान गरिएका यी ५ वटा कार्यहरु गर्दछन्
   क) आराधना - परमेश्वरलाई प्रेम गर्नु **(मत्ती २२:३६-३८)**
   ख) सेवा - प्रेम गर्छ र एक अर्कामा समर्पित हुन्छ **(मत्ती २२:३९, प्रेरित २:४२-४७)**
   ग) संगति - एक अर्कालाई प्रेम गर्नु **(मत्ती २२:३९, प्रेरित २:४२-४७)**
   घ) सु-समाचार - जाऊ र सु-समाचार सुनाऊ **(मत्ती २८:१८-१९, प्रेरित २:४७)**
   ङ) चेलापन - आज्ञापालन गर्ने शिक्षा **(मत्ती २८: १९-२०, प्रेरित २: ४२-४७)**


जब-जब स्वस्थ मण्डली स्थापना गर्नको निम्ति **पेज ४ र ५** मा दिइएका खुड्किलाहरू पछ्याउनु हुन्छ, तिनीहरू कसरी स्वस्थ हुन्छन् भन्ने उपाय थाहा गर्नु तपाईंलाई आवश्यक हुन्छ । मण्डली स्वस्थ नहुन्जेल सोही स्थानमा रहने लक्ष्य भएकोले, तपाईंले निम्न बमोजिम चित्र बनाउनुहोस् र जब मण्डली स्वस्थ र वृद्धि हुन्छ यसलाई भर्नुहोस् । सो चित्र पूरा भएपछि, मण्डली स्वस्थ र गुणात्मक वृद्धि हुनेछ ।



# स्वस्थ मण्डलीको जाँच

तपाईंको मण्डलीलाई जाँच्न र मण्डली स्वस्थ भएको निश्चय गर्न यसका केही खुड्किलाहरू छन्:

१. नयाँ स्थानमा तपाईंले मण्डली सुरुवात गरेपछि (खुड्किला ६, **४ पेजमा**), तपाईंले सो मण्डलीको स्वास्थ्यलाई जाँच्न सुरु गर्नुहुनेछ । खाली पन्नामा तलको चित्र कोर्नुहोस् वा तपाईंसँग कुनै स्वस्थ मण्डलीको चित्र छ भने त्यसलाई प्रयोग गर्नुहोस् । त्यस घरको चित्रको तल उक्त गाउँ वा स्थानको नाम लेख्नुहोस् ।



ठाउँको नाम

२. तपाईंले एउटा नयाँ विश्वासीलाई पहिलो खुड्किलोको पाठ सिकाइसकेपछि घरको भुइँ भागमा यो संकेत (३⁄) कोर्न सक्नुहुन्छ ।

३. तपाईंले पहिलो विश्वासीलाई बप्तिस्मा दिइसकेपछि घरको भुई भागमा यो ( )संकेत कोनुहोस् ।

४. तपाईंले बप्तिस्मा भएका विश्वासीहरूलाई प्रभुभोज दिन थाल्नुभएपछि घरको भुई भागमा ( )यो संकेत कोर्न सक्नुहुन्छ ।

५. नयाँ मण्डलीलाई पावलको पद्धति ७ वटा सिकाइसकेपछि घरको भुई भागमा (7) संकेत कोर्नुहोस् ।

६. मण्डलीमा अगुवा नियुक्त गरिसकेपछि घरको माथिल्लो भागमा ( ) यो संकेत कोर्नुहोस् ।

७. मण्डलीमा सदस्य र/वा अगुवाले अरुहरुलाई बप्तिस्मा दिन थालेपछि घरको माथिल्लो भागमा ( ) यो संकेत कोर्नुहोस् ।

८. नयाँ बप्तिस्मा भएका अरु विश्वासीलाई मण्डलीका सदस्य र/वा अगुवाले प्रभुभोज दिन थालेपछि घरको माथिल्लो भागमा ( ) यो संकेत कोर्नुहोस्।

९. मण्डलीले कोषाध्यक्ष नियुक्त गरेर हरेक हप्ता दशांस र भेटी संकलन गर्न थालेपछि घरको माथिल्लो भागमा (रु) यो संकेत कोर्नुहोस् ।

१०. स्वस्थ मण्डलीको लागि परमेश्वरद्वारा दिइएको ५ वटा कार्य मण्डलीले गर्नथालेपछि घरको माथिल्लो भागमा (५) यो संकेत कोर्नुहोस् ।

११. अरू विभिन्न स्थानहरूमा मण्डलीले स्वस्थ मण्डली स्थापना गर्न थालेपछि घरको बाहिरी भागमा ( ) यो संकेत कोर्नुहोस् ।

# सु-समाचार कसरी सुनाउने ? (२-३-४)

**परमेश्वर के चाहनुहुन्छ** - २ पत्रुस ३:९, रोमन १०:१३-१५, लूका ८:३९

**हामीले कसरी सुनाउनुपर्छ** ? - १ कोरन्थो २:१-५, १ कोरन्थो १:१७, १ थेस्लोनेकि २:१-८

हामीले के भन्नुपर्छ ?  २-३-४ प्रयोग गर्दै सु-समाचार बाँड्नुहोस् ।

**२- २ को अर्थ यो हो कि सु-समाचारको दुई भाग हुन्छ - तपाईंको गवाही र येशूको गवाही**
**३- ३ को अर्थ यो हुन्छ कि तपाईंको गवाहीमा ३ वटा भागहरू हुन्छन्**

- येशूलाई पाउन अघिको जीवन
- येशूलाई कसरी पाउनु भयो
- येशूलाई पाएपछिको जीवन

**४- ४ ले यो अर्थ दिन्छ कि येशूको गवाहीमा ४ वटा भागहरू छन् ।**
इन्साफ (न्याय) (रोमी २:१६, हिब्रु ९:२७, रोमी ३:२३, ६:२३)
पश्चाताप (मर्कूस १:१५, प्रेरित २:३७-३८, २ पत्रुस ३:९
क्रुसमा मृत्यु (१ यूहन्ना २:१-२, रोमी ५:६,८, यूहन्ना ३:१६)
पुनरुत्थान (रोमी ६:२३, १ पहुस १:३-४, २ कोरिन्थी ५:१७)

**येशूलाई पछ्याउन र उहाँको महान उद्धार प्राप्त गर्न चाहनुहुन्छ ? भनी तिनीहरूलाई सोध्नुहोस् ।**

यदि तिनीहरूले उहाँलाई स्वीकार्न चाहन्छन् भने रोमी १०:९ प्रयोग गर्नुहोस् र निम्न कुरा पछ्याउन लगाउनुहोस्:

१. परमेश्वरको अगाडि तिनीहरूले आफ्नो पापको निम्ति पश्चाताप गर्नुपर्छ ।
२. तिनीहरुले येशूलाई मात्र पछ्याउने भनी समर्पण गर्नुपर्छ (येशू नै प्रभु हुनुहुन्छ भनी स्वीकार्नु)
३. तिनीहरूले आफ्नो हृदयमा यही विश्वास गर्नुपर्छ कि येशू मृत्युबाट ब्यूँतनुभयो अर्थात् (येशू हाम्रो पापको निम्ति मर्नुभयो, आज अनि सदाको निम्ति हामीले नयाँ जीवन प्राप्त गरौं भनी उहाँ बौरी उठ्नुभयो)।

उनीहरूले येशूलाई स्विीकारेपछि ...
**तिनीहरूलाई एउटा बाइबल दिनुहोस्** : बाइबल अध्ययन गर्न वा सुन्न दिनुहोस् ।
**दैनिक अध्ययन गर्ने कार्यहरू दिनुहोस् ।**
**तिनीहरूले दैनिक ३ अध्याय पढ्नु वा सुन्नुपर्छ र परमेश्वरको आज्ञाहरू पालना गर्नुपर्छ भनी भन्नुहोस् ।**

# पहिलो खुड्किलो पाठ १ - तपाईंको मुक्तिको बारेमा निश्चित हुनुहोस्

नोट : जति छिटो सक्नुहुन्छ तीनवटा खुड्किलो अध्ययनको बारेमा नयाँ विश्वासीलाई शिक्षा दिनुहोस् । यी तीनवटा खुड्किलालाई एकैदिनमा सिकाउन सकिन्छ (प्रभुलाई पछ्याउने निर्णय गरेको दिन) वा तीनवटा फरक दिनमा एक-एक गरी सिकाउन सकिन्छ । उद्देश्य यही हो कि तिनीहरूले सिक्न र धर्मशास्त्रबाट को सत्यतामा जति सक्दो आज्ञाकारी हुनेछन् ।

**प्रार्थना गर्नुहोस्** : नयाँ विश्वासीहरूसँग प्रार्थनासहित समय बिताउनुहोस् । त्यस व्यक्तिले येशूलाई पछ्याउनु भएको र उहाँलाई मुक्तिदाताको रूपमा प्राप्त गर्नुभएको निम्ति परमेश्वरलाई धन्यवाद चढाउनुहोस् ।

**नयाँ शिक्षा :**

१. सहभागीमूलक बाइबल अध्ययन गर्नुहोस् ।

पढ्नुहोस् वा सुनाउनुहोस् : एफिसी १:१३-१४, यूहन्ना १०:२७-३०, लूका ३:१५-१७

हरेक खण्डको अध्ययन गरिएको विषयमा **३** प्रश्न गर्नुहोस् र त्यसको उत्तर दिने प्रयास पनि गर्नुहोस् ।

१. यसले तपाईंलाई के शिक्षा दिन्छ ?
२. तपाईंले के कुरा गर्नुहुँदैन ?
३. तपाईंले कसरी आज्ञा पालन गर्नुहुन्छ ?

**यो आज्ञा दिनुहोस् :**

अब तपाईंले येशूलाई मात्रै पछ्याउने निर्णय गर्नु भएको छ, **तपाईंको मुक्तिको विषयमा निश्चित हुनुहोस्** । येशू नै सर्वोच्च परमेश्वर हुनुहुन्छ र अरु देवताहरूभन्दा अति शक्तिशाली हुनुहुन्छ । येशूको घरबाट तपाईंलाई कसैले छिन्न सक्दैन । तपाईंको हृदयभित्र परमेश्वरको आत्मा (पवित्र आत्मा) आउनुभएको छ र तपाईंले मुक्तिलाई सदाको लागि निश्चित गर्नुभएको छ । त्यसकारण, तपाईं आनन्दित हुनुपर्छ र **तपाईंले पाउनुभएको मुक्तिमा निश्चित हुनुपर्छ** ।

**भन्नुहोस्** :

संसारमा भएका हरेक मानिस जसले येशूलाई पछ्याउने निर्णय गर्छन् उहाँले तिनीहरूलाई सदाको निम्ति उहाँको आत्मा दिनुभएको छ । यसकारणले जतिले उहाँलाई पछ्याएका छन् तिनीहरू ख्रीष्टका शरीर हुन् र येशू शिर हुनुहुन्छ। जब येशूलाई पछ्याउने मानिसहरु निरन्तर रुपमा आराधना गर्न र परमेश्वर प्रति आज्ञाकारी हुन भेट्न थाल्छन्, त्यसलाई मण्डली भनिन्छ । अब तपाईं मण्डलीको हिस्सा हुनुहुन्छ र तपाईंले अरू विश्वासीहरूलाई निरन्तर रूपमा भेटी राख्नुपर्छ ।.

**प्रार्थना** :पहिलो खुड्किलाको अध्ययनलाई प्रार्थनाद्वारा अन्त गर्नुहोस् । उहाँको पवित्र आत्माको असल उपहार र अनन्त जीवनको निम्ति धन्यवाद दिनुहोस्।

# पहिलो खुड्किलो पाठ २ - बप्तिस्मा लिनु

**प्रार्थना** : विश्वासीसँग तपाईंको समयलाई प्रार्थनाद्वारा सुरूवात गर्नुहोस् । परमेश्वरलाई धन्यवाद दिनुहोस् कि त्यस व्यक्तिले पवित्र आत्मा प्राप्त गरेको छ र येशूलाई पछ्याउन ऊ तयार छ ।

**नयाँ शिक्षा :**

१. सहभागीमूलक बाइबल अध्ययन गर्नुहोस् :

**पढ्नुहोस् वा सुन्नुहोस्** : प्रेरित ८:२६-३९ र प्रेरित २२:१६

**अध्ययन गरिएको हरेक खण्डको विषयमा ३ प्रश्न गर्नुहोस् र तिनीहरुले त्यसको उत्तर दिने प्रयास गरोस्**

१. यसले तपाईंलाई के शिक्षा दिन्छ ?
२. तपाईंले के गर्नु हुँदैन ?
३. तपाईंले कसरी आज्ञा पालन गर्नुहुन्छ ?

**यो आज्ञा दिनुहोस् :**

तपाईंले यो अघि नै जानिसक्नु भएको छ कि तपाईंको हृदयभित्र पवित्रआत्मा वास गरिसक्नु भएकोले मुक्तिको बारेमा तपाईं निश्चित हुनुहुन्छ । तपाईंभित्र पवित्रआत्माले अघि नै बप्तिस्मा दिनु भएकोले तपाईं सफा हुनुहुन्छ । तैपनि, त्यो देखाउनको निम्ति तपाईंले वास्तविक रूपमै ख्रीष्टलाई पछ्याउनु हुन्छ ताकि तिनीहरुले थाहा पाउनेछन् कि उहाँ तपाईंको प्रभु हुनुहुन्छ, उहाँले तपाईंलाई **पानीको बप्तिस्मा लिन** आज्ञा दिनु भएको छ। तपाईंले पहिला भन्नु भएको छ कि तपाईंले येशूलाई पछ्याउनु हुन्छ, त्यसो भए के गर्नुहुन्छ? आज अध्ययन गरे अनुसार, तपाईं बप्तिस्मा लिन किन ढिलो गर्नुहुन्छ? उठ्नुहोस् र **बप्तिस्मा लिनुहोस्** !

**गर्नुपर्ने कार्य :** यदि तिनीहरू **बप्तिस्मा लिन** तयार छन् भने जति सक्दो चाँडो यो गर्नुहोस् (तुरुन्तै बप्तिस्मा लिनु एकदमै बाइबलीय हो)। नोट : यदि एक व्यक्ति वा एक परिवारभन्दा बढी बप्तिस्माको लागी तयार छन् भने, तपाईं, मण्डली संस्थापक एक्लैले नदिनुहोस्। बरु पावलको उदाहरण (१ कोरिन्थी १:१४-१७) पछ्याउनुहोस् र स्थानीय विश्वासी/अगुवाहरुले नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिउन् ।

**प्रार्थना :** पहिलो खुड्किलाको दोस्रो पाठ प्रार्थनाद्वारा अन्त गर्नुहोस् । पानीको बप्तिस्माको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस्, जुन पवित्र आत्माबाट भएको बप्तिस्माको चिन्ह हो र यसको सहायताबाट परमेश्वरप्रतिको हाम्रो भरोसा र आज्ञाकारितालाई देखाउन सक्छौं ।

**नोट :**

यदि कुनै व्यक्तिले येशू ख्रीष्टलाई पछ्याएको समर्पणताको प्रमाण स्वरुप बप्तिस्मा लिन चाहँदैन भने, त्यसको पुस्तिकाको अन्तमा भएको बप्तिस्मा सम्बन्धी थप सहयोगी पाठबाट उक्त व्यक्तिलाई पुन: सिकाउन सुरु गर्नुहोस् (**परिशिष्ट क -पेज २२ र २३)।**

# पहिलो खुड्किला पाठ ३ - जानुहोस् र भन्नुहोस्

**प्रार्थना :** विश्वासीसँग तपाईंको समयको सुरूवात प्रार्थनाद्वारा गर्नुहोस् । परमेश्वरलाई धन्यवाद दिनुहोस् कि उहाँको मुक्ति संसारका हरेक ठाउँका सबै मानिसहरुको लागि छ ।

**नयाँ शिक्षा :**

१. सहभागीमूलक बाइबल अध्ययन गर्नुहोस्

**पढ्नुहोस् वा सुन्नुहोस्** : मत्ती २८:१८-२०

**अध्ययन गरिएको हरेक खण्डको विषयमा ३ प्रश्न गर्नुहोस् र तिनीहरुले त्यसको उत्तर दिने प्रयास गरोस्**

१. यसले तपाईंलाई के शिक्षा दिन्छ ?
२. तपाईंले के गर्नु हुँदैन ?
३. तपाईंले कसरी आज्ञा पालन गर्नुहुन्छ ?

**शिक्षा दिनुहोस् २-३-४ (येशूको सन्देश नै सु-समाचार हो)**

पेज ८ मा भएको व्याख्या २-३-४ लाई प्रयोग गर्दै सिकाउनुहोस् । याद गर्नुहोस् कि शिक्षा चाँहि सामान्य रुपमा कसैलाई केही गर्नु भन्नुभन्दा बढी हो, तिनीहरुले यसको अभ्यास गर्नैपर्छ। त्यसकारण तपाईंले २-३-४ को व्याख्या गरेपछि तिनीहरूलाई यो कार्य गर्न लगाउनुहोस् ।

१. **तीन भागलाई अभ्यास गर्नुहोस्:** एकै समयमा यदि तपाईंले एकभन्दा बढी व्यक्तिलाई शिक्षा दिँदै हुनुहुन्छ भने, तिनीहरूलाई एक अर्कामा गवाही भन्न लगाउनुहोस्, जबकि तपाई सुन्नुहोस्। यदि तपाईंले एक व्यक्तिलाई मात्र शिक्षा दिँदै हुनुहुन्छ भने, त्यसले आफ्नो गवाही तपाईंसँग बाँड्न लगाउनुहोस् । तिनीहरुलाई तबसम्म गवाही भन्न लगाउनुहोस् जबसम्म अरुलाई सो गवाही सजिलै भन्न सक्दैन। यस कुरामा निश्चित गराउनुहोस् कि सो गवाहीमा तिनीहरूले येशूको सु-समाचार बाँडेको हुनुपर्छ ।
२. येशूको कथाको ४ भागलाई अभ्यास गर्नुहोस् :- येशूको कथा सम्बन्धी बाइबल खण्डबाट पढ्नुहोस वा सुनाउनुहोस् । तिनीहरूलाई एक आपसमा वा तपाईंसँग तबसम्म बाँड्न लगाउनुहोस् जबसम्म तिनीहरुले अरुहरुलाई सजिलै भन्न सक्दैनन्।

**यो आज्ञा दिनुहोस् :**

येशूको आज्ञा पालन गर्नुहोस् र तपाईंले भेट्ने सम्पूर्ण व्यक्तिलाई **गएर येशूको सु-समाचार भन्नुहोस** ताकि तिनीहरूले परमेश्वरबाट पाउने सित्तैंको मुक्ति प्राप्त गर्न सकुन र इन्साफबाट बाँच्न सकुन् ।

**गर्नुपर्ने कार्य :**

यस हप्ता तिनीहरूले गएर भेट्ने र सु-सन्देश बाँड्ने ५ जना व्यक्तिको सुची तयार गर्न लगाउनुहोस् । तिनीहरुलाई भन्नुहोस कि जब मण्डली संगतिको लागि भेट्नेछन्, तिनीहरू हरेकले एक-अर्कालाई सोध्नेछन कि गएकोचोटि भेटेदेखि तिनीहरुले कतिजनालाई सु-समाचार सुनाए।

**प्रार्थना:** पहिलो खुड्किलाको पाठ ३ लाई प्रार्थनाद्वारा अन्त गर्नुहोस् । मुक्तिको सु-सन्देशको निम्ति परमेश्वरलाई धन्यवाद चढाउनुहोस् र २-३-४ अरु माझमा पुऱ्याउनको निम्ति साहस माग्नु होस् ।

# मण्डलीमा पहिलो भेला - विश्वास र आज्ञाकारिता (अधिकार)

## पावलको ढाँचा - पाठ १

**प्रार्थना:** भेलाको सुरुवात प्रार्थनाद्वारा गर्नुहोस् । तपाईं वा अरुको प्रार्थना सकिएपछि अर्को भागमा जानुहोस् ।

**प्रशंसा:** परमेश्वरको निम्ति स्तुती र आराधनाको भजन गाउनुहोस् ।

**जवाफदेहिता :** जवाफदेहिताको ४ प्रश्नहरू सोध्नुहोस् :

१. हामी अन्तिम पटक भेटीसकेपछि तपाईंले कस-कसलाई सु-सन्देश बाँड्नुभयो ?
२. तपाईंले हरेक दिन बाइबल पढ्ने/सुन्ने कार्य गर्नुभयो ?
३. तपाईंले गएको पटक सिकेको कुन कुरा कसरी पालन गर्नुभयो ?
४. प्रार्थना विषयहरू/गवाहीहरू (नोट : यदि कसैले मण्डलीमा कुनै समयस्याको बारेमा बताउँछ भने, त्यस व्यक्तिको निम्ति तुरुन्तै प्रार्थना गर्नुपर्दछ)।

**नयाँ शिक्षा :**

१. सहभागीमूलक बाइबल अध्ययन

**पढ्नुहोस् वा सुन्नुहोस्** : यशैया २६:४ र मत्ती ७:२४-२९

**यस खण्डको विषयमा ३ वटा प्रश्न गर्नुहोस् ।**

१. यसले तपाईंलाई के शिक्षा दिन्छ ?
२. तपाईंले के गर्नु हुँदैन ?
३. तपाईंले कसरी आज्ञा पालन गर्नुहुन्छ ?

२. कण्ठ गर्नुहोस्:

**कण्ठ गर्नुहोस् :** १ तिमोथी ३:१६

**यस खण्डको विषयमा ३ वटा प्रश्न गर्नुहोस् ।**

**यो आज्ञा दिनुहोस् :**

परमेश्वर र उहाँको वचनमा **भरोसा र पालन गर्नुहोस् ।**

सु-सन्देश दिनुहोस् : येशूको कथाको ४ भाग प्रयोग भन्नुहोस् ।

**अन्तिम प्रार्थना :** :मण्डलीलाई येशूमा आज्ञाकारी हुन, गएर सुसमाचार सुनाउन र आफुले सिकेका हरेक कुरा अभ्यास गर्न र महान आज्ञा पूरा गर्नको निम्ति प्रार्थनाद्वारा भेलाको अन्त गर्नुहोस् ।

# मण्डलीमा दोस्रो भेला - नयाँ जीवन जिउनुहोस् (आधार)

## पावलको ढाँचा - पाठ २

**प्रार्थना:** भेलाको सुरुवात प्रार्थनाद्वारा गर्नुहोस् । तपाईं वा अरुको प्रार्थना सकिएपछि अर्को भागमा जानुहोस् ।

**प्रशंसा:** परमेश्वरको निम्ति स्तुती र आराधनाको भजन गाउनुहोस् ।

**जवाफदेहिता :** जवाफदेहिताको ४ प्रश्नहरू सोध्नुहोस् :

१. हामी अन्तिम पटक भेटीसकेपछि तपाईंले कस-कसलाई सु-सन्देश बाँड्नुभयो ?

२. तपाईंले हरेक दिन बाइबल पढ्ने/सुन्ने कार्य गर्नुभयो ?

३. तपाईंले गएको पटक सिकेको कुन कुरा कसरी पालन गर्नुभयो ?

४. प्रार्थना विषयहरू/गवाहीहरू (नोट : यदि कसैले मण्डलीमा कुनै समयस्याको बारेमा बताउँछ भने, त्यस व्यक्तिको निम्ति तुरुन्तै प्रार्थना गर्नुपर्दछ)।

**नयाँ शिक्षा :**

१. सहभागीमूलक बाइबल अध्ययन

**पढ्नुहोस् वा सुन्नुहोस्** : मत्ती ६:५-१५

**यस खण्डको विषयमा ३ वटा प्रश्न गर्नुहोस् ।**

१. यसले तपाईंलाई के शिक्षा दिन्छ ?

२. तपाईंले के गर्नु हुँदैन ?

३. तपाईंले कसरी आज्ञा पालन गर्नुहुन्छ ?

२. कण्ठ गर्नुहोस्:

**कण्ठ गर्नुहोस् :** कलस्सी १:१०

**यस खण्डको विषयमा ३ वटा प्रश्न गर्नुहोस् ।**

**कार्य गर्नुहोस् :** तपाईंले नयाँ जन्म पाउनुभएको छ, त्यसकारण नयाँ जीवन जिउनुहोस् । तर कसरी ? हरेक दिन परमेश्वरको वचनमा रहेर, प्रार्थना र प्रशंसा उहाँलाई चढाएर, परमेश्वरका मानिसहरूको संगतिमा रहेर, तपाईंका वरिपरि भएका मानिसहरूलाई सु-समाचार बाँडेर, तपाईंको जीवनको सेवालाई र दु:खमा ख्रीष्टलाई अनुशरण गरेर ।

**यो आज्ञा दिनुहोस् :**

परमेश्वरको योग्य नयाँ जीवन जिउनुहोस् र हरेक प्रकारले उहाँलाई प्रसन्न तुल्याउनुहोस् ।

**सु-समाचार दिनुहोस् :** ख्रीष्टको कथाको ४ वटा भाग सुनाउनुहोस् ।

**अन्तिम प्रार्थना:** तिनीहरुले सिकेका कुराहरु मण्डलीले पालन गरुन तथा अभ्यास भनी आज्ञा दिँदै प्रार्थनाद्वारा भेला अन्त गर्नुहोस्। तिनीहरूले चिनेका र गाऊँमा भेट्ने सबै मानिसलाई निरन्तर सु-समाचार सुनाउन जानको निम्ति तिनीहरूलाई सम्झाउनुहोस् ।

# मण्डलीमा तेस्रो भेला - ज्योतिमा हिंड्नुहोस् (असल जीवन)
# पावलको ढाँचा - पाठ ३

**प्रार्थनाः** भेलाको सुरुवात प्रार्थनाद्वारा गर्नुहोस् । तपाईं वा अरुको प्रार्थना सकिएपछि अर्को भागमा जानुहोस् ।

**प्रशंसा:** परमेश्वरको निम्ति स्तुती र आराधनाको भजन गाउनुहोस् ।

**जवाफदेहिता :** जवाफदेहिताको ४ प्रश्नहरू सोध्नुहोस् :

१. हामी अन्तिम पटक भेटीसकेपछि तपाईंले कस-कसलाई सु-सन्देश बाँड्नुभयो ?

२. तपाईंले हरेक दिन बाइबल पढ्ने/सुन्ने कार्य गर्नुभयो ?

३. तपाईंले गएको पटक सिकेको कुन कुरा कसरी पालन गर्नुभयो ?

४. प्रार्थना विषयहरू/गवाहीहरू (नोट : यदि कसैले मण्डलीमा कुनै समयस्याको बारेमा बताउँछ भने, त्यस व्यक्तिको निम्ति तुरुन्तै प्रार्थना गर्नुपर्दछ)।

**नयाँ शिक्षा :**

१. सहभागीमूलक बाइबल अध्ययन

**पढ्नुहोस् वा सुन्नुहोस्** :

त्यागने - कलस्सी ३:५-१०

धारण गर्ने - कलस्सी ३:१२-१४

**यस खण्डको विषयमा ३ वटा प्रश्न गर्नुहोस् ।**

१. यसले तपाईंलाई के शिक्षा दिन्छ ?

२. तपाईंले के गर्नु हुँदैन ?

३. तपाईंले कसरी आज्ञा पालन गर्नुहुन्छ ?

२. कण्ठ गर्नुहोस्:

**कण्ठ गर्नुहोस् :** एफिसी ५:८

**यस खण्डको विषयमा ३ वटा प्रश्न गर्नुहोस् ।**

**यो आज्ञा दिनुहोस् :**

खराबीलाई त्याग र असल कुरा ग्रहण गर । ज्योतिमा हिंड ।

**सु-समाचार दिनुहोस् :** ख्रीष्टको कथाको ४ वटा भाग सुनाउनुहोस् ।

**अन्तिम प्रार्थना**: तिनीहरुले सिकेका कुराहरु मण्डलीले पालन गरुन तथा अभ्यास भनी आज्ञा दिँदै प्रार्थनाद्वारा भेला अन्त गर्नुहोस्। तिनीहरूले चिनेका र गाऊँमा भेट्ने सबै मानिसलाई निरन्तर सु-समाचार सुनाउन जानको निम्ति तिनीहरूलाई सम्झाउनुहोस् ।

# मण्डलीमा चौथो भेला - एक अर्कालाई प्रेम गर (ठीक सम्बन्ध)

## पावलको ढाँचा - पाठ ४

**प्रार्थना:** भेलाको सुरुवात प्रार्थनाद्वारा गर्नुहोस् । तपाईं वा अरुको प्रार्थना सकिएपछि अर्को भागमा जानुहोस् ।

**प्रशंसा:** परमेश्वरको निम्ति स्तुती र आराधनाको भजन गाउनुहोस् ।

**जवाफदेहिता :** जवाफदेहिताको ४ प्रश्नहरू सोध्नुहोस् :

१. हामी अन्तिम पटक भेटीसकेपछि तपाईंले कस-कसलाई सु-सन्देश बाँड्नुभयो ?
२. तपाईंले हरेक दिन बाइबल पढ्ने/सुन्ने कार्य गर्नुभयो ?
३. तपाईंले गएको पटक सिकेको कुन कुरा कसरी पालन गर्नुभयो ?
४. प्रार्थना विषयहरू/गवाहीहरू (नोट : यदि कसैले मण्डलीमा कुनै समयस्याको बारेमा बताउँछ भने, त्यस व्यक्तिको निम्ति तुरुन्तै प्रार्थना गर्नुपर्दछ)।

**नयाँ शिक्षा :**

१. सहभागीमूलक बाइबल अध्ययन

**पढ्नुहोस् वा सुन्नुहोस्** : कलस्सी ३:१४-४:६, १ पदुस २:१३-१४ , एफिसी ५:२१-६:९

**यस खण्डको विषयमा ३ वटा प्रश्न गर्नुहोस् ।**

१. यसले तपाईंलाई के शिक्षा दिन्छ ?
२. तपाईंले के गर्नु हुँदैन ?
३. तपाईंले कसरी आज्ञा पालन गर्नुहुन्छ ?

२. कण्ठ गर्नुहोस्:

**कण्ठ गर्नुहोस् :** एफिसी ५:२१

**यस खण्डको विषयमा ३ वटा प्रश्न गर्नुहोस् ।**

**यो आज्ञा दिनुहोस् :**

**एक अर्कालाई प्रेम गर** र एक अर्काप्रति समर्पित होऊ ।

**सु-समाचार दिनुहोस् :** ख्रीष्टको कथाको ४ वटा भाग सुनाउनुहोस् ।

**अन्तिम प्रार्थना:** तिनीहरुले सिकेका कुराहरु मण्डलीले पालन गरुन तथा अभ्यास भनी आज्ञा दिँदै प्रार्थनाद्वारा भेला अन्त गर्नुहोस्। तिनीहरूले चिनेका र गाऊँमा भेट्ने सबै मानिसलाई निरन्तर सु-समाचार सुनाउन जानको निम्ति तिनीहरूलाई सम्झाउनुहोस् ।

# मण्डलीमा पाँचौ भेला - परमेश्वरमा बलियो होऊ (ठीक प्रतिरोध)

## पावलको ढाँचा - पाठ ५

**प्रार्थना:** भेलाको सुरुवात प्रार्थनाद्वारा गर्नुहोस् । तपाईं वा अरुको प्रार्थना सकिएपछि अर्को भागमा जानुहोस् ।

**प्रशंसा:** परमेश्वरको निम्ति स्तुती र आराधनाको भजन गाउनुहोस् ।

**जवाफदेहिता :** जवाफदेहिताको ४ प्रश्नहरू सोध्नुहोस् :

१. हामी अन्तिम पटक भेटीसकेपछि तपाईंले कस-कसलाई सु-सन्देश बाँड्नुभयो ?

२. तपाईंले हरेक दिन बाइबल पढ्ने/सुन्ने कार्य गर्नुभयो ?

३. तपाईंले गएको पटक सिकेको कुन कुरा कसरी पालन गर्नुभयो ?

४. प्रार्थना विषयहरू/गवाहीहरू (नोट : यदि कसैले मण्डलीमा कुनै समयस्याको बारेमा बताउँछ भने, त्यस व्यक्तिको निम्ति तुरुन्तै प्रार्थना गर्नुपर्दछ)।

**नयाँ शिक्षा :**

१. सहभागीमूलक बाइबल अध्ययन

**पढ्नुहोस् वा सुन्नुहोस्** : एफिसी ६:१०-२०

**यस खण्डको विषयमा ३ वटा प्रश्न गर्नुहोस् ।**

१. यसले तपाईंलाई के शिक्षा दिन्छ ?

२. तपाईंले के गर्नु हुँदैन ?

३. तपाईंले कसरी आज्ञा पालन गर्नुहुन्छ ?

२. कण्ठ गर्नुहोस्:

**कण्ठ गर्नुहोस् :** : याकुब ४:७

**यस खण्डको विषयमा ३ वटा प्रश्न गर्नुहोस् ।**

**यो आज्ञा दिनुहोस् :**

प्रभुमा बलियो होऊ र परीक्षाको प्रतिरोध गर।

**सु-समाचार दिनुहोस् :** खीष्टको कथाको ४ वटा भाग सुनाउनुहोस् ।

**अन्तिम प्रार्थना**: तिनीहरुले सिकेका कुराहरु मण्डलीले पालन गरुन तथा अभ्यास भनी आज्ञा दिँदै प्रार्थनाद्वारा भेला अन्त गर्नुहोस्। तिनीहरूले चिनेका र गाऊँमा भेट्ने सबै मानिसलाई निरन्तर सु-समाचार सुनाउन जानको निम्ति तिनीहरूलाई सम्झाउनुहोस् ।

# मण्डलीमा छैटौं भेला- उदारचितले दिनुहोस् (मण्डली)

## पावलको ढाँचा - पाठ ६

**प्रार्थना:** भेलाको सुरुवात प्रार्थनाद्वारा गर्नुहोस् । तपाईं वा अरुको प्रार्थना सकिएपछि अर्को भागमा जानुहोस् ।

**प्रशंसा:** परमेश्वरको निम्ति स्तुती र आराधनाको भजन गाउनुहोस् ।

**जवाफदेहिता :** जवाफदेहिताको ४ प्रश्नहरू सोध्नुहोस् :

१. हामी अन्तिम पटक भेटीसकेपछि तपाईंले कस-कसलाई सु-सन्देश बाँड्नुभयो ?
२. तपाईंले हरेक दिन बाइबल पढ्ने/सुन्ने कार्य गर्नुभयो ?
३. तपाईंले गएको पटक सिकेको कुन कुरा कसरी पालन गर्नुभयो ?
४. प्रार्थना विषयहरू/गवाहीहरू (नोट : यदि कसैले मण्डलीमा कुनै समयस्याको बारेमा बताउँछ भने, त्यस व्यक्तिको निम्ति तुरुन्तै प्रार्थना गर्नुपर्दछ)।

**नयाँ शिक्षा :**

१. सहभागीमूलक बाइबल अध्ययन

**पढ्नुहोस् वा सुन्नुहोस्** : प्ररित २:४२-४७

**यस खण्डको विषयमा ३ वटा प्रश्न गर्नुहोस् ।**

१. यसले तपाईंलाई के शिक्षा दिन्छ ?
२. तपाईंले के गर्नु हुँदैन ?
३. तपाईंले कसरी आज्ञा पालन गर्नुहुन्छ ?

**कार्य गर्नुहोस् :** तपाईंलाई नयाँ मण्डली दिइएको छ, त्यसैले यसलाई बढाउनुहोस्। तर कसरी? एक-अर्कालाई हुर्काएर, संग-संगै आराधना गरेर, संग-संगै संगति गरेर, संसारका मानिसहरुलाई सु-समाचार सुनाएर, र येशूसंग उदाहरणको सेवा गरेर।

२. कण्ठ गर्नुहोस्:

**कण्ठ गर्नुहोस् :** मती ५:४२

**यस खण्डको विषयमा ३ वटा प्रश्न गर्नुहोस् ।**

**यो आज्ञा दिनुहोस् :**

उदारचितले दिनुहोस्।

**दशांस र भेटी संकलन गर्नुहोस् :** *अब उप्रान्त तपाईंको मण्डली सेवामा यो नियमित कार्य हुनुपर्दछ ।*

**सु-समाचार दिनुहोस् :** ख्रीष्टको कथाको ४ वटा भाग सुनाउनुहोस् ।

**अन्तिम प्रार्थना** : मण्डलीलाई सिकेका कुरा पालन गर्न भनी प्रार्थनाद्वारा भेला अन्त गर्नुहोस् ।

# मण्डलीमा सातौं भेला- प्रभुभोज लिनुहोस् (मण्डली)

## पावलको ढाँचा - पाठ ७

**प्रार्थना:** भेलाको सुरुवात प्रार्थनाद्वारा गर्नुहोस् । तपाईं वा अरुको प्रार्थना सकिएपछि अर्को भागमा जानुहोस् ।

**प्रशंसा:** परमेश्वरको निम्ति स्तुती र आराधनाको भजन गाउनुहोस् ।

**जवाफदेहिता :** जवाफदेहिताको ४ प्रश्नहरू सोध्नुहोस् :

१. हामी अन्तिम पटक भेटीसकेपछि तपाईंले कस-कसलाई सु-सन्देश बाँड्नुभयो ?
२. तपाईंले हरेक दिन बाइबल पढ्ने/सुन्ने कार्य गर्नुभयो ?
३. तपाईंले गएको पटक सिकेको कुन कुरा कसरी पालन गर्नुभयो ?
४. प्रार्थना विषयहरू/गवाहीहरू (नोट : यदि कसैले मण्डलीमा कुनै समयस्याको बारेमा बताउँछ भने, त्यस व्यक्तिको निम्ति तुरुन्तै प्रार्थना गर्नुपर्दछ)।

**नयाँ शिक्षा :**

१. सहभागीमूलक बाइबल अध्ययन

**पढ्नुहोस् वा सुन्नुहोस्** : १ कोरन्थी ११:२३-३४

**यस खण्डको विषयमा ३ वटा प्रश्न गर्नुहोस् ।**

१. यसले तपाईंलाई के शिक्षा दिन्छ ?
२. तपाईंले के गर्नु हुँदैन ?
३. तपाईंले कसरी आज्ञा पालन गर्नुहुन्छ ?

२. कण्ठ गर्नुहोस्:

**कण्ठ गर्नुहोस् :** यूहन्ना ६:३५

**यस खण्डको विषयमा ३ वटा प्रश्न गर्नुहोस् ।**

**यो आज्ञा दिनुहोस् :**

आफैले आफैलाई जाँच्नुहोस्, **प्रभु भोज लिनुहोस्,** र प्रभुलाई सम्झनुहोस् ।

**बप्तिस्मा लिएका विश्वासीहरूलाई प्रभुभोज दिनुहोस् :** यदि यो कार्य अहिले सम्म भएको छैन भने, अब उप्रान्त मण्डली आफैले संगतिको नियमित भागको रुपमा प्रभु-भोज दिनुपर्छ।

**दशांश र भेटी संकलन गर्नुहोस् ।**

**सु-समाचार दिनुहोस् :** ख्रीष्टको कथाको ४ वटा भाग सुनाउनुहोस् ।

**अन्तिम प्रार्थना** : मण्डलीलाई सिकेका कुरा पालन गर्न भनी प्रार्थनाद्वारा भेला अन्त गर्नुहोस् ।

.

# चेलापन निर्देशिकाको अर्को खुड्किला

मण्डलीलाई सहायता गर्नको निम्ति पहिलो खुड्किला पाठ र पावलको ढाँचा तपाईंले सक्नु भएपछि अब मण्डली स्वस्थ भई आफ्नो बाटोमा अघि बढ्नुपर्छ । स्वस्थ मण्डली स्वशासित हुनुपर्छ, भन्ने तथ्य तपाईं स्मरण गर्नुहुन्छ भने यसको अर्थ यही हो कि परमेश्वरले मण्डलीलाई उठाउन र अगुवाई गर्न असल अगुवाहरु दिनुभएको छ । हुनसक्छ तपाईंले र स्थानीय मण्डलीले, परमेश्वरले नै छान्नु भएका केही व्यक्तिहरु पत्ता लगाउनु भएको छ जसलाई परमेश्वरले नियुक्त गर्नु भएको छ वा बोलाउनु भएको छ, तरै पनि स्थानीय विश्वासीहरु अझै वृद्धि हुनु र परिपक्व हुनु आवश्यक छ । जबसम्म योग्यता भएका अगुवाहरु परिपक्व हुँदैन र परमेश्वरको वचन ठीक तरिकाले दिन सक्दैन, तबसम्म मण्डलीले आफै शिक्षा दिनुपर्छ र नियमित रुपमा आराधना गर्न र बाइबल अध्ययन गर्न भेला हुनु पर्छ। प्रभुमा तिनीहरू अझै पनि वृद्धि भइरहेका छन् कि छैनन् भनी निरन्तर निरीक्षण गरी निश्चित गर्नुपर्दछ । अन्तमा, याद गर्नुहोस् कि स्थानीय मण्डलीले नयाँ विश्वास गर्ने व्यक्तिलाई बप्तिस्मा दिनुपर्छ । यदि तपाईं आफैले सबैलाई बप्तिस्मा दिनुभयो भने तपाईले स्वस्थ मण्डली निर्माण गर्नुहुन्न। हुनसक्छ कि बप्तिस्मा दिने व्यक्ति सक्षम अगुवा वा त्यो व्यक्तिलाई सु-समाचार सुनाउने साधारण विश्वासी हो।

त्यसकारण, पावलको ढाँचाको अन्तिम पाठपछि, यी कुराहरू गर्नको निम्ति मण्डलीलाई निर्देशन दिनुहोस्:

- तिनीहरूले मण्डलीको सेवामा अघिदेखि अपनाउँदै आएको ढाँचालाई निरन्तर पछ्याउन भन्नुहोस् ।
- मण्डलीको भेलामा **नयाँ शिक्षा** लिनको निम्ति भेला हुँदा **पेज २० र २१** मा भएको धर्मशास्त्रको अर्को खुड्किला प्रयोग गर्नुपर्छ भनी भन्नुहोस् ।
- प्रभुको भोज निरन्तर रूपमा भइरहेको जानकारी दिन अर्को व्यक्ति नियुक्त गर्न भन्नुहोस् ।
- यदि तिनीहरूले सो कार्य गरिरहेका छैनन् भने, नयाँ विश्वासीलाई **बप्तिस्मा** दिन दुईवटा विश्वास योग्य व्यक्ति नियुक्त गर्न भन्नुहोस् ।
- मण्डलीको भेटी संकलन गर्न, गन्न र सम्पूर्ण मण्डली परिवारलाई प्रतिवेदन दिनको लागि दुईजना व्यक्तिहरुलाई नियुक्त गर्न भन्नुहोस्।
- प्राप्त भएको दशांस भेटीलाई मण्डलीले बाइबलीय शिक्षा अनुसार कसरी प्रयोग गर्न सकिन्छ भनी परमेश्वरसँग ज्ञान माग्न भन्नुहोस् । यो कार्य बाइबलमा भनिए अनुसार नै हुनुपर्छ भनी भन्नुहोस् ।

याद गर्नुहोस कि तपाईंको लक्ष्य गुणात्मक वृद्धि हुने स्वस्थ मण्डली स्थापना गर्ने हो । यसको अर्थ यही हो कि तपाईंले त्यस्तो आज्ञाकारी चेलाहरु खोज्नुपर्छ, जसले बाँझो खेतमा गई यस कार्यको सुरुवात गर्न सकोस्, उक्त व्यक्तिलाई तपाईंले यी सम्पूर्ण प्रकृया सिकाउन सक्नुहुन्छ । जसै तपाईंले आज्ञाकारी सेवक भेटाउनुहुन्छ तपाईंले सिक्नु भएका सम्पूर्ण कुरा उसलाई सिकाउन थाल्नुहोस्।

# अर्को चरणको चेलापनको निम्ति धर्मशास्त्रका खण्डहरु

| # | धर्मशास्त्रबाट सन्दर्भ | कथा/विषय |
|---|---|---|
| १. | लूका ५:१-११ | मछुवारा/येशू ख्रीष्टलाई पछ्याउने |
| २. | इूहन्ना १५:१-११ | दाखको बोट र हाँगा/ख्रीष्टमा रहनु |
| ३. | भजन ११९:१-१६ | परमेश्वरको वचनलाई मनन गर्ने |
| ४. | लूका ११:१-१३ र लूका १८:१-८ | प्रार्थना |
| ५. | लूका १७:११-१९ | कुष्ठ रोगी निको भएको/आराधना |
| ६. | यूहन्ना ४:३-४२ | कुवाको छेउमा स्त्री/आराधना |
| ७. | मत्ती ३:१-१७ | बप्तिस्मा दिने यूहन्ना/पवित्र आत्मा |
| ८. | यूहन्ना १४:१६-१७, यूहन्ना १६:५-१५ | पवित्र आत्माको कार्य |
| ९. | उत्पत्ति १-२ | सृष्टि |
| १०. | उत्पत्ति ३ | पाप |
| ११. | प्रेरित २:३७-४७ | संगति |
| १२. | कलस्सी १:१३-२३ | येशू |
| १३. | फिलिप्पी २:३-११ | सेवा/येशू |
| १४. | प्रस्थान २०:१-१७ | १० आज्ञाहरू |
| १५. | १ कोरन्थी १५:१-१९ | येशूको पुनरत्थान |
| १६. | १ थेस्लोनिकी ४:१३-५:११ | हाम्रो पुनरुत्थान |
| १७. | यूहन्ना १४:१-१५ | स्वर्ग र येशू परमेश्वर हुनुहुन्छ |
| १८. | लूका ७:३६-५० | क्षमादान |
| १९. | लूका १०:२५-३७ | महान आशा |
| २०. | मत्ती १८:२१-२५ | अरूलाई क्षमा पदने |
| २१. | लूका ८:४-१५ | सु-समाचार/बीउ छर्नेको दृष्टान्त |
| २२. | लूका १५ | अनुग्रह |
| २३. | लूका ७:१-१० | अरूलाई पाप गर्न लगाउने |
| २४. | लूका १:२६-२८ | येशूको जन्म |
| २५. | एफिसी २:८-१० | न्याय इन्साफ |
| २६. | गलाती५:१६ -२५ | पवित्र आत्माको फल |
| २७. | १ कोरिन्थी १२:१ -१३ | आत्मिकी वरदान |
| २८. | १ कोरिन्थी १२:१४-३१ | एकता/मण्डली |
| २९. | १ कोरिन्थी १३ | प्रेम |
| ३०. | हिब्रु ११ | भरोसा |
| ३१. | रोमी ४ | विश्वास |
| ३२. | यूहन्ना १३:१ -२० | सेवा |
| ३३. | प्रेरित४:१ -३१ | सुसमाचार |

# अर्को चरणको चेलापनको निम्ति धर्मशास्त्रका खण्डहरु-क्रमश:

| | | |
|---|---|---|
| ३४. | मत्ती २५:३१-४६ | न्याय |
| ३५. | लूका १८:१५ -३४ | लोभ लालच |
| ३६. | लूका १४:२५-३५ | चेलापन मूल्य चुकाउने |
| ३७. | मर्कूस ७:१४ -२३ | भित्री शुद्धता |
| ३८. | १ राजा १८:२०-४० | मूर्तिपूजाको कमजोरी |
| ३९. | मत्ती ५:२१-४८ | सम्बन्ध |
| ४०. | मत्ती ६:१ -२४ | साँचो धर्म |
| ४१. | दानियल ६ | सतावटद्धारा आज्ञापालन |
| ४२. | भजन २३ | परमेश्वरबाट सान्त्वना |
| ४३. | मत्ती २४:४२-२५:१३ | दोस्रो आगमन |
| ४४. | यूहन्ना ३:१ -२१ | नयाँ जन्म |
| ४५. | यूहन्ना५:१८ -३० | येशू नै परमेश्वर हुनुहुन्छ/पुनरुत्थान |
| ४६. | लूका ८:२६-३९ | दुष्टमाथि येशूको विजय |
| ४७. | लूका ८:२२-३२ | प्रकृतिमाथि येशूको शक्ति |
| ४८. | मत्ती १४:१३ -२१ | येशूले खाँचो पत्ता लगाउनुहुन्छ |
| ४९. | मत्ती १४:२२-३६ | येशूले आश्चर्यकर्म गर्न सक्नुहुन्छ |
| ५०. | मत्ती १६:१३ -२८ | येशू को हुनुहुन्छ ? |
| ५१. | प्रेरित ५:१ -११ | परमेश्वरलाई झुटो नबोल्नु |
| ५२. | प्रेरित १७:१६ -३४ | पावल एथेन्समा |
| ५३. | प्रेरित १९:११ -२० | यदि येशूलाई चिन्नुहुन्न भने |
| ५४. | १ तिमोथी३:१ -१५ | हेरचाह गर्ने /डिकनहरु |
| ५५. | याकुव २:१ -१३ | अरुसँग कसरी व्यवहार गर्ने |
| ५६. | याकुब ३:१ -१२ | जिब्रो |
| ५७. | १ यूहन्ना१:५-२:६ | पाप र प्रकाश: अन्धकार |
| ५८. | १ यूहन्ना ४ | आत्मालाई जाँच्ने/प्रेम |
| ५९. | प्रकाश २०:११ -२१:८ | अन्त्यको समय |
| ६०. | १ थेस्लोनिकी४:१ -१२ | पवित्रीकरण |

## दीर्घकालीन चेलापन

१ तिमोथी ३ अनुसारको योग्यता भएको एल्डर र अगुवाहरु मण्डलीमा नियुक्त गरिसकेपछि पनि यस्ता धेरै कुराहरु छन् जो नयाँ अगुवा र विश्वासीहरुले सिक्नु आवश्यक छ। खीष्टमा आज्ञा र वृद्धि भनेको जीवनभरि भइ रहने प्रक्रिया हो। मण्डलीको स्वस्थ र निरन्तर वृद्धिको लागि अगुवाहरुको वृद्धि र विकास गर्न RAD अगुवापन र तालिम सामग्री उपलब्ध छ।

# परिषिश्ट क - अतिरिक्त बप्तिस्मा पाठ १

यो अध्ययन तिनीहरुसंग गर्न सकिन्छ जसले सु-समाचारलाई आनन्दसाथ स्वीकार गरेका छन्, तर बप्तिस्माको बारेमा सिकेर पनि अझै तयार छैनन् वा बप्तिस्मा लिन चाहदैंनन्।

१. **पढ्नुहोस् र छलफल गर्नुहोस्:** मत्ती १३:१-९ र मत्ती १३:१८-२३
**सोध्नुहोस्:** तपाईं कस्तो प्रकारको जमिन तपाईं हुन चाहनुहुन्छ?

२. **पढ्नुहोस् र छलफल गर्नुहोस्:** लूका १४:२५-३३, मत्ती १०:३२-३९, र रोमी १०:९
मुख्य बुँदा-

- येशू सारा संसारका मानिसहरुलाई उद्धार दिन आउनुभयो।
- केही मानिसहरुले उहाँको उद्धारलाई स्वीकार गर्दैनन् र येशूलाई पछ्याएको कारणले तपाईंलाई सताउने छन्।
- हाम्रो उद्धार येशूमा राखेको हाम्रो विश्‍वास र भरोस को कारणले भएको हुनाले, हाम्रो जीवनमा उहाँलाई पहिलो स्थान दिएर हामी यो देखाऊछौं कि उहाँ वास्तवमै हाम्रो प्रभु हुनुहुन्छ। अरु सबै भन्दा उहाँको आज्ञा पहिलै आउनुपर्छ। यसैकारण येशूले चेलाहरुलाई यसको महत्व बुझ्न भन्नुहुन्छ।

**सोध्नुहोस्:** के तपाईले येशूका आज्ञाहरु पालन गर्नुहुन्छ? उद्धारको लागि उहाँ एकमात्र बाटो हुनुहुन्छ। परमेश्‍वरले तपाईंलाई एउटा मौका दिँदै हुनुहुन्छ। के तपाईले येशूलाई पछ्याउनु हुन्छ कि हुन्‍न?

**३. पढ्नुहोस् र छलफल गर्नुहोस्:** मत्ती २८:१८-२० र मत्ती ३:१३-१७
**सोध्नुहोस्:**

- मत्ती २८:१८-२०मा, के गर्नको निम्ति येशूले हामीलाई आज्ञा दिनुभयो? यदि हामी उहाँका चेलाहरु हौं भने, के हामीले येशूको आज्ञा पालन न गर्ने?
- मत्ती ३:१३-१७मा, येशूले दिनु भएको उदाहरण के थियो? यदि हामी येशूका चेलाहरु हौं भने, के हामीले येशूको उदाहरण न पछ्याउने?

४. **पढ्नुहोस् र छलफल गर्नुहोस्:** रोमी ६:३-८
मुख्य बुँदा-

- पानीभित्र जानु भनेको येशूको मृत्युको संकेत हो। जसरी येशू तपाईंका पापहरुका निम्ति मर्नुभयो, अब तपाईंको पापमय स्वभाव र पुरानो जीवन मरेको छ।
- पानीबाट बाहिर निस्कनु भनेको येशूको पुनरुत्थानको संकेत हो। जसरी येशू नयाँ जीवनमा पुनरुत्थान हुनुभयो, तपाईंले पनि विश्‍वास गर्दा येशूद्वारा नयाँ जीवन पाउनुभयो।

**सोध्नुहोस्:** अब तपाईंलाई थाहा छ कि पानीको बप्तिस्माले के को संकेत दिन्छ, र यो कि यो येशू ख्रीष्टको आज्ञा र उदाहरण हो, के तपाईले यो गर्नुहुन्छ?

# परिशिष्ट क - अतिरिक्त बप्तिस्मा पाठ २

यो अध्ययन तिनीहरुसंग गर्न सकिन्छ जसले पहिलो अतिरिक्त बप्तिस्मा पाठ सिकेर पनि अहिले सम्म बप्तिस्मा लिन तयार छैनन् वा लिन चाहदैंनन्।

**सोध्नुहोस्:** तपाईंले यसलाई पालन गर्नुभन्दा अघि कतिचोटि बाइबलमा भएको येशूको आज्ञा वा उदाहरण हेर्नु आवश्यक छ? (सम्भवत: उत्तर हुनेछ, एकचोटि!)

**पढ्नुहोस् र छलफल गर्नुहोस्:** प्रेरितको पुस्तक बाट निम्न खण्डहरु पढेर छलफल गर्नुहोस्। हरेक खण्ड पढिसकेपछि निम्न प्रश्नहरु सोध्नुहोस्:

(१) नयाँ विश्वासीहरुले कहिले पानीको बप्तिस्मा लिन्छन्?

(२) कसले बप्तिस्मा लिए? (संख्या, लिङ्ग, तिनीहरुको पहिलाको जीवनशैलीहरु, अहिलेको अवस्थालाई ध्यान दिनुहोस्)।

(३) सबै खण्डहरुमाथि छलफल भइसकेपछि, प्रेरित २२:१६मा अननियाले पावललाई सोधे जस्तै त्यहि प्रश्न गरेर अन्त गर्नुहोस्, "तपाईं किन ढिलो गर्नुहुन्छ?"

| बाइबल खण्ड | बप्तिस्मा भएका मानिसहरु |
|---|---|
| प्रेरित २:४१ | ३००० जना एकैदिनमा |
| प्रेरित ८:६-१३ | भूतात्मा लागेको/झँक्री/बिरामी |
| प्रेरित ८:३६-३८ | नपुंसकले बाटोमा लिएको |
| प्रेरित ९:१८-१९ | विश्वासीहरुलाई हत्या गर्ने र सताउने मानिस |
| प्रेरित १०:४७-४८ | अन्यजातिहरु (गैर यहूदीहरु) |
| प्रेरित १६:१३-१५ | नदी किनारमा भएकी स्त्री |
| प्रेरित १६:३३ | रोमी कप्तान |
| प्रेरित १८:८ | धार्मिक अगुवा (सभाघर/मन्दिरका पुजारी) |
| प्रेरित १९:१-५ | येशूको नाममा बाहेक अर्कै तरिकाले बप्तिस्मा भएकाहरु |
| प्रेरित २२:१४-१७ | विश्वासीहरुको हत्या गर्ने मानिस "तपाईं किन ढिलो गर्नुहुन्छ?" |

*जीवनको रुखबाट अनुमति सहित प्रयोग गरिएको*

## परमेश्वरका राज्य वृद्धिको लागि चार प्रकारका जमिन
### मर्कूस ४:२६-२९




## जानुहोस् र भन्नुहोस्

१. ______________________________ ७. ______________________________

२. ______________________________ ८. ______________________________

३. ______________________________ ९. ______________________________

४. ______________________________ १०. ______________________________

५. ______________________________ ११. ______________________________

६. ______________________________ १२. ______________________________